नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
प्रशासन योजना तथा मूल्य विश्लेषण शाखा
बबरमहल, काठमाडौं

फोन नं : ०१-४२४३९३९
०१-४२४७९१२
फ्याक्स : ९७७-०१-४२४९६०३

प.सं. ०७७।७८
च.नं.

मिति: २०७७/०४/२७

थप स्पष्ट पारिएको सम्बन्धमा ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागद्धारा मिति २०७७।०३।२५ मा गठित कार्यदलको सिफारिस बमोजिम मिति २०७७।०४।२६ गते यस विभागद्धारा सार्वजनिक गरिएको पानीको जार र बोटलको अधिक्तम समर्थन मूल्य (MRP) सम्बन्धमा देहाय बमोजिम व्यहोरा स्पष्ट गरिन्छ :-

१. पानीको गुणस्तर, बजार मूल्य, बजारको तह सम्बन्धी अध्ययन गरिएको ।
२. Random Sample Method बाट काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न २२ वटा साना, मझौला तथा ठुला पानी उद्योगहरुको स्थलगत अनुगमन गरी विवरण संकलन तथा विश्लेषणबाट अध्ययन प्रतिवेदन तयार गरिएको ।
३. २० लि. जारको पानी न्युनतम कम्पनी मूल्य रु १२५/- सम्म लिने गरेको साथै बोटल बन्द पानीको प्रति कार्टुन (१२ वटा) को रु. ८५/- देखि रु. ११५/- सम्म लिने गरेको पाइयो ।
४. पानीको गुणस्तर सम्बन्धमा अर्को कम्पनीको जार प्रयोग गरी बिक्री गर्ने गरेको, लेवल नभएको, MRP उल्लेख नभएको उद्योगमा निरीक्षण गर्दा सरसफाईको उचित ध्यान नदिएको, केही कम्पनीले Acro filter र UV machine को प्रयोग नगरी पानीको गुणस्तर सुनिश्चित गर्ने गरेको नदेखिएको र आफुखुशी मूल्य निर्धारण गरी वितरण गर्ने गरेको पाइएको, ३/३ महिनामा पानी परीक्षण गरी खाद्य अनुज्ञापत्र र पानीको गुणस्तर प्रमाणपत्र लिने गरेको नपाइएको साथै उपभोक्ताले समेत गुणस्तर सुनिश्चित नभएका पानीको सस्तो मूल्यमा उपभोग गरिरहेको अवस्था देखिएको ।
५. सम्बन्धित कम्पनीले आफ्नै गुणस्तरीय जार प्रयोग गर्ने, पानीको उपभोग्य मिति, अधिकतम खुद्रा मूल्य, उत्पादन मिति, पानीको परिमाण, उत्पादित कम्पनीको नाम, कम्पनीको दर्ता तथा ट्रेडमार्क स्पष्ट रुपमा खुलाई लेविलिंग गरेको हुनुपर्ने प्रवन्ध गरी हाललाई परीक्षणको रुपमा काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लामा भदौं १० गते बाट लागू

**रविन्द्र आचार्य**
**निर्देशक**

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

फोन नं : ०१-४२४३९३९
०१-४२४७९१२
फ्याक्स : ९७७-०१-४२४९६०३

प.सं. ०७७।७८
च.नं.

हुने गरी देहाय बमोजिम पानीको अधिकतम समर्थन मूल्य निर्धारण गरिएको छ । यसको प्रभावकारिता अध्ययन, विश्लेषण गरी देशव्यापी बनाउने लक्ष्य रहेको छ ।

| क्र.सं. | उत्पादित वस्तु | कम्पनी मूल्य | डिस्ट्रीब्यूटर मूल्य | खुद्रा मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|---|---|
| १. | प्रशोधित पानी प्रति जार | २० | ३५ | ४० | ५० |
| २. | प्रशोधित पानी १ ली. बोटल प्रति कार्टुन | ११० प्रति कार्टुन | १३० प्रति कार्टुन | १५० प्रति कार्टुन | १६ प्रति बोटल |

६. माथिको व्यवस्था बमोजिम गुणस्तर, नापतौल, परिमाण लेबल बमोजिम बाहेक उत्पादन तथा विक्री वितरण गरेको पाईएमा कानून बमोजिम सख्त कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ । साथै हाल निर्धारित गुणस्तर, अनुज्ञापत्र, परीक्षण मापदण्ड पूरा गरी न्यूनतम सरसफाईका पूर्वशर्त पालना गरी उत्पादन तथा विक्री वितरण गरिरहेका उद्योगी, व्यवासायीहरुले उत्पादन लागत मूल्य र कानून बमोजिम लिन पाइने मुनाफा समेत गरी कम्पनी मूल्य र खुद्रा मूल्य समर्थन मूल्य भन्दा थोरै हुन आउने अवस्थामा सोही बमोजिम न्यूनतम मूल्यमा नै विक्री वितरण गर्नुपर्नेछ । उत्पादन र उपभोक्तासम्म पुग्दा बजारको तह वढ्न जाने हुँदा सो नगर्नु नगराउनु हुन साथै बजार अनुगमनका क्रममा उत्पादक तथा वितरकले खरिद विल र विक्री विल देखाउनुपर्ने छ । सो जारी गरेको नपाइएमा रु. २,००,०००/- (दुई लाख) देखि रु. ३,००,०००/- (तीन लाख) सम्म निरीक्षण अधिकृतबाट स्थलगत रुपमै जरिवाना गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

७. पानीको जारको MRP प्रति जार रु. ५० तोकिएता पनि प्रतिस्पर्धी बजारमा गुणस्तर कायम गरी खुद्रा मूल्य हालको बजारमा प्रचलित रहेको रु. ३० देखि रु. ४० सम्म वा सो भन्दा कममा समेत विक्री वितरण हुन सक्ने देखिन्छ । बजारमा आन्तरिक प्रतिस्पर्धाको कारणले सो भन्दा पनि कममा मूल्य निर्धारण भै विक्री हुन सक्ने अवस्था रहेकोले व्यवसायीले यसलाई कायम गर्दै उत्पादन तथा विक्री वितरण गर्न अनुरोधका साथ उपभोक्तालाई न्यूनतम मूल्यमा गुणस्तरीय पानी उपलब्ध हुने यस विभागले विश्वास लिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०७७।४।२८

**रविन्द्र आचार्य**
**निर्देशक**